आज मिति २०८१ साल असार ८ गते शनिबारका दिन भीरकोट नगरपालिकाका नगर प्रमुख श्री गोविन्दकुमार कर्माचार्यज्यूको अध्यक्षतामा बसेको १४औं नगर सभा को उपस्थिती देहाय बमोजिम रहेको छ ।

उपस्थिती

| सि.न. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री गोविन्द कुमार कर्माचार्य | नगर प्रमुख | |
| २ | श्री भगवती रेग्मी अर्याल | नगर उपप्रमुख | |
| ३ | श्री दिपेन्द्र के.सी. | १ नं वडा अध्यक्ष | |
| ४ | श्री श्यामकाजी अधिकारी | २ नं वडा अध्यक्ष | |
| ५ | श्री केशर बहादुर खड्का | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री रत्न प्रकाश श्रेष्ठ | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री कृष्ण बहादुर थापा | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री लक्ष्मण खत्री क्षेत्री | ६ नं वडा अध्यक्ष | |
| ९ | श्री तारा प्रसाद अर्याल | ७ नं वडा अध्यक्ष | |
| १० | श्री नन्दलाल खनाल | ८ नं वडा अध्यक्ष | |
| ११ | श्री चित्र बहादुर राना भुजेल | कार्यपालिका सदस्य | |
| १२ | श्री गंगा बहादुर जि.टी. | कार्यपालिका सदस्य | |
| १३ | श्री विष्णु माझी | कार्यपालिका सदस्य | |
| १४ | श्री विन्दु खड्का | कार्यपालिका सदस्य | |
| १५ | श्री एक माया घर्ती थापा | कार्यपालिका सदस्य | |
| १६ | श्री पार्वती के.सी. | कार्यपालिका सदस्य | |
| १७ | श्री ओम कुमारी कोइराला | कार्यपालिका सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| १८ | श्री खैसरा वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री निर्मला के.सी. | वडा सदस्य | |
| २० | श्री सविता सिं विश्वकर्मा | वडा सदस्य | |
| २१ | श्री खुम बहादुर खाँण | वडा सदस्य | |
| २२ | श्री मोहमद मिया | वडा सदस्य | |
| २३ | श्री सुनिता दर्जी | वडा सदस्य | |
| २४ | श्री इन्द्र बहादुर खाँण | वडा सदस्य | |
| २५ | श्री खड्ग बहादुर महत क्षेत्री | वडा सदस्य | |
| २६ | श्री गुमानधोज राना | वडा सदस्य | |
| २७ | श्री प्रेम वहादुर राना | वडा सदस्य | |
| २८ | श्री विष्णु सार्की | वडा सदस्य | |
| २९ | श्री याम वहादुर राना | वडा सदस्य | |
| ३० | श्री प्रेमा सुनार | वडा सदस्य | |
| ३१ | श्री रुद्र ढुंगाना | वडा सदस्य | |
| ३२ | श्री मन्जु के.सी.थापा | वडा सदस्य | |
| ३३ | श्री टिकिमाया सार्की | वडा सदस्य | |
| ३४ | श्री डम्मर प्रसाद अर्याल | वडा सदस्य | |
| ३५ | श्री शेषकान्त तिवारी | वडा सदस्य | |
| ३६ | श्री तुल बहादुर रोकाहा | वडा सदस्य | |
| ३७ | श्री गिता वि.क. | वडा सदस्य | |

CamScanner

| | | | |
|---|---|---|---|
| ३८ | श्री अशोक बहादुर खत्री | वडा सदस्य | |
| ३९ | श्री देव प्रसाद अर्याल | वडा सदस्य | |
| ४० | श्री पूर्ण बहादुर गुरुङ | वडा सदस्य | |
| ४१ | श्री हिरा गोदार | वडा सदस्य | |
| ४२ | श्री धन माया वि.क. | वडा सदस्य | |
| ४३ | श्री सिता खत्री क्षेत्री | वडा सदस्य | |
| ४४ | श्री गिता कुमारी नेपाली | वडा सदस्य | |
| ४५ | श्री मन बहादुर सार्की | वडा सदस्य | |
| ४६ | श्री इन्द्र बहादुर गुरुङ्ग | वडा सदस्य | |
| ४७ | श्री शुशिला गुरुङ्ग | वडा सदस्य | |
| ४८ | श्री ललित बहादुर गुरुङ्ग | वडा सदस्य | |
| ४९ | श्री गुप्त बहादुर वि.क | वडा सदस्य | |
| ५० | श्री धर्मराज ढुङ्गाना . | नगर सभा सचिव | |

CS CamScanner

निर्णय नं १

भीरकोट नगरपालिकाको १४ औं नगरसभामा पेश भएको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

भीरकोट नगरपालिकाको आर्थिक ऐन, २०८१ र विनियोजन ऐन, २०८१ स्वीकृत गर्ने ।

निर्णय नं. ३

नगर उपप्रमुख श्री भगवती रेग्मी अर्यालले नगर सभामा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०८१/८२ को वजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

निर्णय नं. ४

चालु आर्थिक वर्ष २०८०/८१ मा विभिन्न मितिमा बसेको कार्यपालिका बैठकबाट भएका निर्णयहरू र चालु आर्थिक वर्ष २०८०/८१ मा नगर प्रमुखज्यूको आदेशानुसार कार्यान्वयन भएका योजना तथा कार्यक्रमहरूमा भएको भुक्तानी एवम् वितरण गरिएका शौचालय सामग्री सहितका अन्य निर्माणजन्य सामग्री खरिद समेतमा भएको हालसम्मको खर्चलाई अनुमोदन गर्ने ।

निर्णय नं. ५

आर्थिक वर्ष २०८०/८१ को लागि नगरसभाबाट पारित वडास्तरीय योजनामध्ये केही योजनाहरू वडा समितिको निर्णयानुसार संशोधन गरी कार्यान्वयन गरिएकोमा संशोधित योजना तथा कार्यक्रमहरुलाई अनुमोदन गर्ने ।

निर्णय नं. ६

आर्थिक वर्ष २०८०/८१ मा यस नगरपालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरूमध्ये कार्यसम्पादनस्तर सन्तोषजनक देखिएका कर्मचारीहरुको आगामी आर्थिक वर्ष २०८१।८२ को लागि नियमानुसार सेवा करारको म्याद थप गर्ने ।

निर्णय नं. ७

यस नगरपालिका अन्तर्गत वस्ती स्तरबाट योजना संकलन गरी वडा कार्यालय, विषयगत समिति हुँदै नगर सभामा पेश भएका योजनाहरुमध्ये नगरपालिकाबाट रकम विनियोजन हुन नसकेका योजनाहरूको योजना बैंक तयार गरी कार्यान्वयनको लागि प्रदेश सरकार र संघीय सरकारसँग अनुरोध/सिफारिस गर्ने ।

CamScanner

निर्णय नं ८

भीरकोट नगर अस्पतालबाट दिइने स्वास्थ्य सेवाका लागि कार्यरत मौजुदा जनशक्तिबाट मात्र प्रभावकारी सेवा दिन नसकिएकोले नगर अस्पताल संचालनको लागि आठौं नगरसभाबाट स्वीकृत भएका अस्थायी पद हरुको अतिरिक्त तपसिल बमोजिमका प्राविधिक/प्रशासनिक पदहरुको अस्थायी दरबन्दी स्वीकृति गर्ने निर्णय गरियो।

तपसिल

| सि.न. | पदनाम | तह | संख्या |
|---|---|---|---|
| १. | फार्मेसी सहायक | सहायकस्तर पाँचौ | १ |
| २. | ल्याब टेक्निसियन | सहायकस्तर पाँचौ | १ |
| ३. | रेडियोग्राफर | सहायकस्तर पाँचौ | १ |
| ४. | हे.अ . | सहायकस्तर पाँचौ | १ |
| ५. | अ.हे.ब. | सहायकस्तर चौथो | ३ |
| ६. | अ.न.मि. | सहायकस्तर चौथो | १ |
| ७. | सहायक कर्मचारी | सहायकस्तर चौथो | १ |
| ८. | कार्यालय सहयोगी | श्रेणी विहिन/प्रथम तह | १ |

निर्णय नं ९

भीरकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०७९/८० मा विनियोजित राजश्व धरौटी तथा जिन्सी लेखा सँग सम्बन्धित श्रेष्ता तथा कागजातहरुको महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखा परीक्षण कार्य सम्पन्न भई देहायमा उल्लिखित बेरुजुलाई असुल उपर/नियमित गर्नुपर्ने भनि औंल्याइएको र उक्त बेरुजुहरुको सन्दर्भमा आर्थिक कारोबार गर्दा सामान्य प्रक्रियागत त्रुटीसम्म भएको, प्रचलित कानुन बमोजिम पुर्‍याउनुपर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी, हिनामिना तथा मस्यौट भएको नदेखिएको हुँदा बेरुजु रकम रु.२,५९,७९,३७२.३९/- मध्ये रु.१,६३,२०,५९९/- प्रमाण कागजात राखी नियमित गर्न ११७ औं नगर कार्यपालिकाको वैठकबाट सिफारिस भई आएकोले उल्लिखित बेरुजु रकम नियमित गर्ने निर्णय गरियो ।

देहायः

क) महालेखा परीक्षकको कार्यालयबाट आ को अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा ८०/२०७९ .व. मा स्वीकृत दरबन्दी बाहिर सम्झौता गरी खर्च गरेको रकम कानुन विपरित भएकोले अनियमित ९ देखिएको रु. ७७,००० का सम्बन्धमा भीरकोट नगरपालिका बालमैत्री नगरपालिका घोषणा भएको र सो कार्यलाई निरन्तरता दिन दैनिक ज्यालादारीमा एक जना कर्मचारीसम्म राखिएको, यसबाट सरकारी रकमको दुरुपयोग तथा हानी नोक्सानी नभएकोले उक्त रकम नियमित गर्ने निर्णय गरियो ।

ख) महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०७९/८० को अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा २५ मा विभिन्न कार्यालयको खर्च नगरपालिकाबाट भुक्तानी भएकोले अनियमित भएको रु. ४५,००० का सम्बन्धमा नगरपालिका अन्तरगत प्रहरी चौकी तथा अन्य प्रहरीबलहरु रहेको, यस्ता साना कार्यलायहरुमा कहिलेकाही भैपरी आउने सानातिना मर्मतजन्य खर्चहरु उक्त कार्यालयहरुमा बजेटको अभाव हुनाले नगरपालिकाले सहयोग गरेको सम्म हो । यसबाट कुनै पनि सरकारी हानि नोक्सानी तथा भ्रष्टाचारजन्य कार्य नभएकोले उक्त रकम नियमित गर्ने निर्णय गरियो।

ग) महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०७९/८० को नगरपालिकाको अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा ४२ मा आवश्यकता पहिचान विना खरिद कार्य गरे वापतको अनियमित खर्च रु. १९,९०,००० का सम्बन्धमा यसमा उल्लिखित रकम आ.व. २०७८/०७९ र २०७९/०८० दुई आ.व. को स्थानीय पाठ्यक्रमको रकम एकै पटक भुक्तानी भएको तथा दुई आ.व. को शैक्षिकसत्रमा पाठ्यपुस्तकहरु वितरण गरिएकोले पुस्तकको संख्या बढी देखिएकोसम्म हो, यसबाट कुनै सरकारी हानी - नोक्सानी तथा हिनामीना नभएकोले उक्त बेरुजु रकम नियमित गर्ने निर्णय गरियो।

घ) महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०७९/८० को नगरपालिकाको अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा ४४ मा नगर प्रमुखको स्वकीय सचिव आयुष पौडेललाई पटक-पटक भ्रमणभत्ता भुक्तानी गरे वापतको अनियमित रु.२३,१०० भनि बेरुजु औंल्याइएकोमा कार्यालयको कामको सिलसिलामा मात्र निजलाई भ्रमणमा खटाइएकोले रकम भुक्तानीसम्म भएको हो। यसबाट कुनै सरकारी हाँनी नोक्सानी, मस्यौट तथा भ्रष्टाचारजन्य कार्य नभएकोले उक्त बेरुजु रकम नियमित गर्ने निर्णय गरियो ।

ङ) महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०७९/८० को अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा ४७ मा भीरकोट नगरपालिका वडा नं ८ ढापुकमा भगवति देवि मन्दिरमा मुर्ति राख्दा साईज बमोजिमको दर विना भुक्तानि गर्दा अनियमित भएको रु. ६०,००० को सम्बन्धमा माथि उल्लिखित स्थानमा मन्दिर स्थापना गरि मुर्तिको आकार प्रकार नाप जाँच नगरी भुक्तानी सम्म गरेको हो । यसबाट कुनै पनि सरकारी हानि नोक्सानी र भ्रष्टाचारजन्य कार्य नभएकोले उक्त बेरुजु रकम नियमित गर्ने निर्णय गरियो ।

च) महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०७९/८० को अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा ४८ मा मुल्य अभिवृद्धि कर दर्ता नभएको सँग खरिद कारोवार भएको भनी रु. १,३७,११५ अनियमित भएको भनि वेरुजु औंल्याइएकोमा कार्यालयको कार्य प्रकृति अनुसार कहिले काही साना तिना खरिद कार्य पानमा दर्ता भएका फर्म संगबाट गर्नु पर्ने हुन्छ । यस खरिद कार्यबाट कुनै पनि सरकारी हानि नोक्सानी र मस्यौट नभएकोले उक्त बेरुजु रकम नियमित गर्ने निर्णय गरियो ।

छ) महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०७९/८० को अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा ४९ मा ईन्टरनेट महसुल भुक्तानी गर्दा पेश्की नजनाई एकमुष्ट रु. १,२५,००० भुक्तानी गर्दा अनियमित भएको भन्ने सम्बन्धमा कार्यालयको विनियोजित बजेट रकम नम्बरमा कहिले काही स्रोत अभाव हुँदा रकम आएको समयमा एकमुष्ट विलको अग्रीम भुक्तानी गरिएको सम्म हो यसबाट कुनै पनि सरकारी हानि नोक्सानी र मस्यौट नभएकोले उक्त वेरुजु रकम नियमित गर्ने निर्णय गरियो ।

ज) महालेखा परीक्षकको कार्यालयवाट आ.व. २०७९/८० को अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा ५२ मा श्री भाग्योदय मा.वि. लाई नमुना विद्यालयको गुरु योजना अनुरुप शैक्षिक व्यवस्थापकीय एंव प्रशासनिक कार्य योजना वापत आ.व. २०७९/८० मा निजि शिक्षक, पिटि शिक्षक र सङ्गित शिक्षक तथा स्वास्थ्यकर्मी नियुक्ति नगरेको भनि रु ६,००,००० अनियमित भएको भनि वेरुजु देखाईएकोमा हाल स्वास्थ्यकर्मी तथा अन्य शिक्षकहरुको नियुक्ति गरिएको हुँदा यसबाट कुनै पनि सरकारी हानि नोक्सानी र मस्यौट नभएकोले उक्त वेरुजु रकम नियमित गर्ने निर्णय गरियो ।

झ) महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०७९/८० को अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा ६५ मा मेयर कप रनिङ शिल्ड प्रतियोगिताबाट विभिन्न खेलकुद आयोजना गरि युवाहरुलाई स्वास्थ्य प्रवर्द्धन तथा मनोरञ्जनात्मक क्रियाकलापमा रकम खर्च गर्नु पर्नेमा विभिन्न युवा क्लवको नाममा रकम खर्च लेखिएको रु. ६,४०,८४० अनियमित भनि वेरुजु औंल्याईएकोमा यस नगरपालिका भित्रका विभिन्न युवा क्लवहरुले स्वतस्फुर्त विभिन्न भलिवल तथा अन्य खेलको आयोजना गरि नगरपालिकामा आर्थिक सहयोगको माग गरेको हुँदा रकम खर्च गरिएको हो, यसबाट कुनै पनि सरकारी हानि नोक्सानी र मस्यौट नभएकोले उक्त वेरुजु रकम नियमित गर्ने निर्णय गरियो ।

ञ) महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०७९/८० को अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा ६७ मा क्याम्पसलाई नियम विपरित अनुदान दिएको रकम रु. १५,००,००० को सम्बन्धमा भीरकोट नगरपालिका भित्र दुइ वटा क्याम्सहरु संचालनमा रहेका, ती क्याम्पसहरुमा विद्यार्थी संख्या निकै कम रहेको विद्यार्थीबाट उठ्ने शुल्कबाट मात्र क्याम्पस संचालन हुन नसक्ने भएकोले नगरपालिका हुनको लागी कम्तीमा एक गोटा क्याम्पस हुनु पर्ने भएको हुँदा नगरपालिकाले शैक्षिक विकासको लागि अनुदान सम्म दिएको हो, यसबाट कुनै सरकारी हानी नोक्सानी नदेखिएको तथा भ्रष्टाचारजन्य कार्य नभएकोले एक पटकलाई उक्त रकम नियमित गर्ने निर्णय गरियो ।

ट) महालेखा परीक्षकको कार्यालयबाट आ.व. २०७९/८० को अन्तिम लेखा परिक्षण प्रतिवेदनको दफा ६७ मा विभिन्न खर्चलाई खर्च शिर्षक फरक पारी रकम भुक्तानि गरिएको रु. ११,२२,५४४ अनियमित भएको भनि वेरुजु औंल्याईएकोमा उक्त खर्चहरु नगरपालिका नियमित खर्च स्रोत अभावको कारणले सापटी खर्चको रुपमा खर्च जनाई पछि स्रोतमा रकम प्राप्त भएपछि सोध भर्ना जनाई हिसाब

मिलान भएकोले यसवाट कुनै पनि सरकारी हानि नोक्सानी र मस्यौट नभएकोले उक्त बेरुजु रकम नियमित गर्ने निर्णय गरियो ।

ठ) महालेखा परीक्षकको कार्यालयबाट आको अन्तिम लेखा परिक्षण प्रतिवेदनको ८०/२०७९ .व. .संपरिक्षणवाट थप बेरुजुको क्रसं मा गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय नियमावली १ . २०७९ को नियमावली २७ बमोजिम आर्थिक वर्ष समाप्त हुनु अघि भुक्तानी निकासा बन्द गर्नु पर्ने व्यवस्था रहेको छ । यस पालिकाले म.ले.नि.का.को सिस्टम बन्द भैसकेपछि मेनुअल गो. भौ. सृजना गरी सुत्र बाहेकको खर्चबाट रु. १,००,००,००० (एक करोड) भुक्तानी दिएकोले नियमसँगत नदेखिएको भनि वेरुजु औल्याईएकोमा उक्त खर्चहरु नगरपालिकाको नियमित खर्च नै भएकोले यसबाट कुनै पनि सरकारी हानि नोक्सानी र मस्यौट नभएको हुँदा उक्त बेरुजु रकम नियमित गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

भीरकोट नगरपालिकाको साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन सम्वन्धी ऐन, २०८१ स्वीकृत गर्ने।